मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअनु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १८ गते शुक्रवार (Friday, 31 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित तीन जना पक्राउ

**मोरङ, जेठ १७।** बिराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय ६० मिलिग्रामसहित सुनसरी इटहरी उपमहानगरपालिका-५ बस्ने ४९ वर्षीय अमर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त शंकास्पद बस्तुसहित पक्राउ गरेको हो ।

उता चितवन, ईच्छाकामना गाउँपालिका-६ बाट अवैध लागूऔषध गाँजा २ किलो ९ सय २६ ग्रामसहित २

(बाँकी अन्तिम पृष्ठमा)

# बिष्टको हत्या आरोपी पाँच जना पक्राउ

**चन्द्रगढी, जेठ १७।** गत वैशाख २६ गते राति बिर्तामोड नगरपालिका -४ निवासी ६७ वर्षीया विष्णुकुमारी बिष्टको हत्यामा सम्लग्न भएको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गर्दै सार्बजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापामा विहीवार पत्रकार सम्मेलनको आयोजना गर्दै विष्टको हत्यामा सम्लग्न भएको आरोपमा पक्राउ परेका एक महिलासहित पाँच जनालाई सार्बजनिक गरिएको हो ।

हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिका-४ का २२ वर्षीय गंगाप्रसाद राजवंशी, सोही ठाउँका २३ वर्षीय महेश राजवंशी, २० वर्षीया वर्षा राजवंशी, ३३ वर्षीय ज्याक भनिने भगीरथ माझी र अर्जुनधारा नगरपालिका- ६ का ४३ वर्षीय धनबहादुर कामीलाई प्रहरीले सार्वजनिक गरेको हो ।

बिष्टको हत्या भएको झण्डै तीन साता लामो अनुसन्धानपछि प्रहरीले हत्यामा सम्लग्नहरुलाई पक्राउ गर्दै सार्वजनिक गरेको हो । अनुसन्धानमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो, प्रदेश अनुसन्धान समूह (पिआइटी) विराटनगर, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीको टोली परिचालन भएको र




हत्यामा सम्लग्नलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए । बिर्तामोड-४ स्थित शिवनगर टोलमा घरमा एक्लै बस्दै आएकी ६७ वर्षीया बिष्टको हत्या गरी उनीहरुले विभिन्न सामग्री समेत लगेका थिए ।

प्रहरीले हत्यामा संलग्नहरुका साथबाट नट खोल्न प्रयोग गरिने रेञ्ज, मार्तोल लगायतका तीन थान सामग्री, सुनको सिक्का भएको बेरुवा औठी एक थान, सुनको हातमा लगाउने बाला एक थान, सुनको जन्तर एक थान, सुनको सिक्री एक थान, सुनको टप एक थान र चाँदीको कलश एक थान बरामद गरेको छ । बिष्टको हत्या गरी उनीहरुले उक्त सामान लगेको अनुसन्धानका क्रममा खुलेको प्रहरी उपरीक्षक केसीले पत्रकार सम्मेलनमा जानकारी दिए । सुनको सिक्का भएको बेरुवा औंठी सुन पसलबाट गाली सकेको अवस्थामा बरामद गरिएको प्रहरी उपरीक्षक केसीको भनाइ छ ।

चोरी गर्ने उद्देश्यका साथ आएका उनीहरुले बिष्टले चोर आएको भन्दै छोरालाई फोन मार्फत जानकारी गराएपछि केही समय उनीहरु लुकेको र उनीहरु पुन: घरमा प्रवेश गरी हत्या गरेर घरमा भएको सामानहरु लगेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

घटनाका मुख्य योजनाकार गंगाप्रसाद रहेको जनाइएको छ । घटनामा प्रयोग भएका तथा चोरीका सामान लुकाउन सहयोग गरेको भन्दै प्रहरीले वर्षा राजवंशीलाई पक्राउ गरेको हो भने चोरीको सामान बेच्न सहयोग गर्ने ज्याक भनिने भगीरथ माझीलाई समेत पक्राउ गरेको छ । त्यस्तै चोरी भएका सामान किन्ने अर्जुनधारा -६ का धनबहादुर कामीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनीहरु विरुद्ध मुद्दा दर्ता भएको र थप अनुसन्धान शुरु गरिएको प्रहरीको भनाइ छ ।

घटनामा महेश र गंगाको प्रत्यक्ष संलग्नता देखिए पनि अन्य तीन जनाले घटनालाई लुकाउन सहयोग गरेका कारण हत्याका मतियारको रुपमा उनीहरुलाईसमेत पक्राउ गरेर अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।

हत्या गरेर फरार भएपछि बिष्टको शव भोलिपल्ट बिहान घरमै स्थानीयले फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए । उनका दुई छोरामध्ये एक छोरा काठमाडौं र अर्का अमेरिकामा बस्दै आएको र आमा घरमा एक्लै बस्दै आएकी थिइन् ।

### २२ दिनपछि यसरी पक्राउ परे हत्यामा सम्लग्नहरु...

नेपाल प्रहरीले विष्टको हत्यामा सम्लग्नलाई पक्राउ गर्न तालिम प्राप्त कुकुरको सहयाेग लियो । सो क्रममा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो, प्रदेश अनुसन्धान समूह (पिआइटी) विराटनगर, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीको संयुक्त टोलीले घटनालगत्तै कुकुरमार्फत स्निफिङ गराएर विभिन्न कोणबाट अनुसन्धान शुरु गर्‍यो । चोरीमा संलग्न, लागू औषध प्रयोगकर्ता, आपराधिक गतिविधिमा संलग्न, कारागारबाट छुटेका लगायत ६८ जनालाई सोधपुछ र निगरानीमा राख्यो । डग स्निफिङका आधारमा घटना भएकै भोलिपल्ट बैशाख २७ गते प्रहरी चौकी बिर्ताबजारले बिर्तामोड-४ का गंगाप्रसाद राजवंशीलाई सोधपुछका लागि लगेको बेला उनकी पत्नी वर्षालाई गंगाप्रसादले मोबाइल राखेको पाटाको बोरा खोलामा फाल्न लगाएका थिए ।

बैशाख २८ गते ३ बजे चोरीको सामान राखेको कालो ब्यागबाट सुनको पैसा टाँसिएको औँठी झिकेर अन्य सामान घरनजिकै नालामुनि

(बाँकी अन्तिम पृष्ठमा)

## एक सय २५ जनाको रिहाइको माग



**काठमाडौँ, जेठ १७।** नेपालका लागि इजरायलका राजदूत हनान गोडेरले अतिवादी समूह हमासले बन्दी बनाएका विपीन जोशीसहित सबै एक सय २५ जनाको नि:शर्त रिहाइको माग गरेका छन् ।

इजरायलको ७६औं स्वतन्त्रता दिवसका अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादवको प्रमुख आतिथ्यमा विहीवार आयोजित समारोहमा राजदूत गोडेरले उनीहरुको मुक्ति नै इजरायलको प्रमुख लक्ष्य भएको बताए । साथै उनले पश्चिम एसियामा शान्ति र सहिष्णुता कायम गर्न इजरायल निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

सन् १९६० मा इजरायल-नेपाल सम्बन्ध कूटनीतिक सम्बन्ध स्थापना हुनु तत्कालीन नेपाल सरकारको साहसिक कदमको परिणाम भएको भन्दै राजदूत गोडेरले भौगोलिकरूपमा इजरायल र नेपाल टाढा भए पनि सरकार एवम् जनस्तरको सम्बन्ध प्रगाढ रहेको बताए ।

समारोहमा उपसभामुख, सांसद, विभिन्न राजनीतिक दलका नेता, पूर्वपरराष्ट्रमन्त्री, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ कर्मचारी, उद्योगपति, व्यापारी, वरिष्ठ सञ्चारकर्मीलगायत समाजका प्रतिष्ठित व्यक्तिहरुको

(बाँकी अन्तिम पृष्ठमा)

## करेन्ट लागेर मृत्यु

**झापा, जेठ १७।** झापाको दमकमा करेन्ट लागेर विहीवार एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दमक नगरपालिका - २ निवासी ६२ वर्षीय खगेन्द्र राई रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

आफ्नै दुई तले घरको माथिल्लो तलामा टिनको ट्रस लगाउने क्रममा बिजुलीको पोलको तारमा टिनले छुँदा राईलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएका राईलाई उपचारका लागि दमक अस्पताल पुर्‍याइएकोमा उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

नेपाल विद्युत प्राधिकरणको लापरवाहीले राईको मृत्यु भएको भन्दै आफन्तहरुले प्राधिकरणको दमक वितरण केन्द्रमा दबाब दिएका थिए । उनीहरुले मृतक परिवारले राहत पाउनुपर्ने माग गरेका थिए । दमक नगरपालिका प्रमुख रामकुमार थापा, दमक नगरपालिका वडा नम्बर -२ का वडा अध्यक्ष प्रजापति सापकोटा, दमक बिद्युत कार्यालयका प्रतिनिधि, मृतक पक्षका

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्वपश्चिम राजमार्गको स्तरोन्नति

**झापा, जेठ १७।** पूर्व-पश्चिम महेन्द्र राजमार्गको काँकरभिट्टा-केरखा खण्डको स्तरोन्नतिको काम धमाधम भइरहेको छ ।

उक्त खण्डमा हाल १० पुल र ६५ कल्भर्ट निर्माण गर्ने काम भइरहेको छ ।

एशियाली विकास बैंकको सहयोगमा नेपाल सरकारले स्तरोन्नति गरिरहेको काँकरभिट्टा-लौकही खण्डको ९५.७६ किलोमिटर सडक पूर्वी, मध्य र पश्चिमी गरी तीन खण्डमा स्तरोन्नति गरिँदै छ । पूर्वी खण्डको ४५ किलोमिटर सडकमा पुल, कल्भर्ट र माटो भर्ने काम जारी रहेको एभ्रास्कन-कालिका जेभीका कन्ट्र्याक्ट म्यानेजर उज्ज्वल प्रसाईंले जानकारी दिए । पूर्वी खण्डको पुल र सडक निर्माणको ठेक्का एभ्रास्कन-कालिका जेभीले लिएको छ । पूर्वी खण्डमा १८ पुल र एक सय ४३ वटा कल्भर्ट निर्माण गरिने छ ।

हाल उक्त खण्डमा १० वटा पुलको काम भइरहेको छ । चालू आर्थिक वर्षभित्रै काम सक्ने गरी काम भइरहेको प्रसाईंले बताए । द्रुत गतिमा काम सम्पन्न गर्ने लक्ष्यका साथ हाल ६५ निर्माणस्थलमा बक्स कल्भर्टको दुई किनाराको

(बाँकी अन्तिम पृष्ठमा)

## शिक्षकले कुट्दा विद्यार्थी गम्भीर घाइते

**इटहरी, जेठ १७।** सुनसरीको इटहरी उपमहानगरपालिका -१६ स्थित शिक्षादीप एकेडेमीका शिक्षकको कुटपिटबाट विद्यार्थी बेहोस भएका छन् । कक्षा ९ मा अध्ययनरत् १४ वर्षका छात्रलाई गणित शिक्षक पुण्यप्रसाद पोखरेलले कुटपिट गर्दा उनी गम्भीर घाइते भएका हुन् ।

बुधबार गृहकार्य पूरा नगरेको भन्दै शिक्षकले लौराले पिटेर विद्यार्थीलाई बेहोस् बनाएको छात्रका आफन्तले आरोप लगाएका छन् । छात्र ३ घण्टा बेहोस् भएपछि विद्यालयबाट घर



लगिएको थियो । उनको हात-खुट्टा, ढाड लगायत शरीरका विभिन्न भागमा चोट लागेको छ । अहिले उनको विराटनगरस्थित विराट टिचिङ अस्पतालमा उपचार भइरहेको छ ।

कुटपिटमा संलग्न शिक्षक पोखरेललाई प्रहरीले बिहीबार बिहान पक्राउ गरेको प्रधानाध्यापक सहदेव काफ्लेले जानकारी दिए ।

उनलाई हिरासतमा राखेर प्रहरीले अनुसन्धान गरिरहेको छ ।

बिहीबार नै बसेको विद्यालयको सञ्चालक समितिको बैठकले शिक्षक पोखरेललाई निष्काशन गरिसकेको प्रअ काफ्लेले जानकारी दिए । विद्यार्थीका अविभावकले कुटपिटमा संलग्न शिक्षकलाई कडा कारबाहीको माग गरेका छन् ।

## मोदीलाई पुन: प्रधानमन्त्री बनाउने निर्णय नेपालसँग जोडिएका राज्यको हातमा

**बिर्तामोड, जेठ १७।** भारतमा नयाँ सरकार चयनका लागि हुँदै गरेको निर्वाचनमा सबैको ध्यान नेपालको सीमावर्ती राज्य उत्तर प्रदेशमा केन्द्रित छ ।

करिब ब्रिटेनजत्रै क्षेत्रफलमा फैलिएको यो राज्यको जनसङ्ख्या नेपालको भन्दा झण्डै आठ गुणा बढी छ । भारतको सबैभन्दा धेरै जनसङ्ख्या भएको यो राज्यको जनसङ्ख्या २५ करोड छ । यदि यो राज्य छुट्टै राष्ट्र हुन्थ्यो भने यो विश्वकै पाँचौं ठूलो अर्थात् भारत, चीन, अमेरिका र इन्डोनेशियापछि सबैभन्दा ठूलो हुने थियो । यो पाकिस्तान वा ब्रजिलभन्दा पनि ठूलो छ ।

सात चरणको भारतीय निर्वाचनमा सातै चरणमा मतदान हुने तीन राज्यहरूमध्ये उत्तर प्रदेश पनि एक हो । भारतको निर्वाचन जुन १ मा सकिन्छ र मतपरिणाम जुन ४ मा घोषणा हुने कार्यतालिका छ । तेस्रो पटक प्रधानमन्त्री बन्ने आकांक्षा राखेका प्रधानमन्त्री नरेन्द्र मोदीका लागि ५४३ सदस्य भएको तल्लो सदनमा ८० सांसदहरू निर्वाचित गरेर पठाउने यो राज्य सबैभन्दा महत्वपूर्ण हुनेमा कुनै शङ्का छैन ।

यहाँ दिल्लीको बाटो उत्तर प्रदेश हुँदै जान्छ भन्ने एउटा भनाइ निकै प्रचलित छ । त्यो भनेको यो राज्यमा राम्रो मत ल्याउनेलाई दिल्लीको सत्ताका लागि बाटो खुल्ने गरेको छ- उत्तर प्रदेशको राजधानी लखनउका वरिष्ठ पत्रकार शरत प्रधान भन्छन् । यो राज्यबाट प्रतिनिधित्व गर्दै भारतमा आठ जना प्रधानमन्त्री बनिसकेका छन- उनी थप्छन् । भारतको पश्चिमी राज्य गुजरातका मोदीले पनि सन् २०१९ मा दोस्रो पटक प्रधानमन्त्री बन्न यही प्रदेशबाट चुनाव लडेका थिए । सन् २०१९ मा भारतको प्राचीन शहर वाराणसीबाट चुनाव जितेका मोदीले यो वर्ष पनि त्यहीँबाट सांसद बन्ने लक्ष्य राखेका छन् ।



**प्रधानमन्त्री बनाउने राज्य**

प्रधानमन्त्री मोदी यो राज्यमा चुनावी प्रचारको दौडमा खटिएका छन् । उनले एकै दिनमा सात वटासम्म चुनावी सभालाई सम्बोधन गरे । भारतीय संसद्को तल्लो सदन लोकसभामा बहुमतका लागि २७२ क्षेत्रमा जित आवश्यक पर्छ । मोदीले उनको भारतीय जनता पार्टी (भाजपा)लाई ३ सय ७० सीट जिताउने महत्वाकांक्षा राखेका छन् ।

भाजपाले सन् २०१४ मा यो प्रदेशका ८० मध्ये ७१ सीट जितेको थियो । तर सन् २०१९ मा त्यो सङ्ख्या घटेर ६२ मा सीमित भयो । यसपटकको निर्वाचनमा उत्तर प्रदेशका ७० भन्दा बढी सीट जित्ने पार्टीको लक्ष्य रहेको नेताहरूले बताउने गरेका छन् । विपक्षी भारतीय कांग्रेस पार्टीका गौरव कपुर यसको हिसाब सरल भएको बताउँछन् । यहाँ ७० सीट जित्ने पार्टीलाई सरकार बनाउन बाँकी २०२ सीट जिते पुग्छ -उनी भन्छन् ।

गत महिना आफ्नो उम्मेदवारी दर्ताका लागि राज्यका मुख्यमन्त्री योगी आदित्यनाथसँगै प्रधानमन्त्री मोदी यहाँ आइपुगेका थिए । उनीहरूलाई स्वागत गर्न हजारौं समर्थकहरू त्यहाँ भेला भए । सयपत्री फूलले सजाइएको र 'भाजपाको रङ्ग'सँग मिल्ने गेरु ट्रक उनीहरूलाई लिएर सहरको साँघुरो बाटोबाट अघि बढ्दा मोदीले हात हल्लाउँदै पार्टीको चुनाव चिह्न कमलको फूलको आकृति देखाए । गेरु वस्त्र र त्यही रङ्गको टोपी लगाएका महिला र पुरुषहरूले उनीहरूको समर्थन गरे ।

**भाजपाको मात्रै नजर छैन उत्तर प्रदेशमा**

भारतीय निर्वाचनमा सबैभन्दा ठूलो पुरस्कारका रूपमा लिइने यो राज्यमा भारतीय जनता पार्टीले मात्रै नजर गाढेको भने छैन । यो राज्यमा चार दशकसम्म भारतीय कांग्रेसको प्रभाव रह्यो । सन् १९९१ मा स्थानीय पार्टीहरूले कांग्रेसको प्रभुत्व अन्त्य गरेपछि यो दल उत्तर प्रदेशको क्षेत्रीय दल समाजवादी पार्टीसँग गठबन्धन गरेर चुनाव लड्दै आएको छ ।

यो गठबन्धनले उत्तर प्रदेशमा '७९ सीट जित्ने' र बाँकी एक सीटमा प्रतिस्पर्धा हुने दाबी गरेको छ ।

जुन ४ मा हुने मतगणनाले दुवै पक्षको दाबीलाई यथार्थभन्दा बढाइचढाइपूर्ण रहेको प्रमाणित गरिदिन सक्छ । तर पछिल्ला १० वर्ष यो राज्यमा भएका चुनावहरूमा भाजपाको पक्षमा नतिजा आएको छ । अनि मोदी सडकमा उपस्थित भएर गरिरहेका प्रचारले भाजपालाई थप आत्मविश्वास बढाएको छ ।

मोदी उपस्थित भएको भिडमा सहभागी वाराणसीका बासिन्दाहरूले पछिल्लो दशक उक्त सहरमा आएको परिवर्तनबारे चर्चा गरिरहेका थिए । उनीहरूले त्यहाँ बनेका नयाँ राजमार्गहरू, काशी-विश्वनाथ मन्दिरको विस्तार र गङ्गा नदीको तटमा भएको सरसफाइको प्रशंसा गरे ।

आफ्नो पसल अगाडि मोदीको सडक यात्रा हेरिरहेका

(बाँकी अन्तिम पृष्ठमा)

## बालबालिकालाई तीन वर्षभित्र कुपोषणमुक्त बनाइँदै

**काठमाडौँ, जेठ १७।** तीन वर्षभित्र नेपालभरका बालबालिकालाई कुपोषणमुक्त गर्ने अभियान शुरु भएको छ । सामुदायिक रेडियो प्रसारक संघ र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहकार्यमा विहीदेखि यो अभियान शुरु गरिएको हो ।

कुपोषणका कारण २५ प्रतिशत बालबालिकामा पुड्कोपन, आठ प्रतिशत बालबालिकामा ख्याउटेपन, १९ प्रतिशत बालबालिका कम तौलका छन् । कुपोषणका कारण बाल विकास नभएका बालबालिकाको संख्या मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढी छन् । सन् २००१ मा भएको अध्ययनअनुसार एक हजार बालबालिकामा ९१ जना कुपोषण प्रभावित हुने गरेको पाइएको थियो ।

कार्यक्रमको शुभारम्भ गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले गर्भ अवस्थादेखि नै पोषणयुक्त बनाउन तीन वटै तहका सरकारले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिइन् । दिगो विकास लक्ष्यको बुँदा नं १ र २ लाई पूरा गर्न पनि सन् २०३० सम्म नेपालबाट कुपोषण अन्त्य गर्ने गरी सरकारले नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेको उनले बताइन् । सङ्घीय सरकारले दिवा खाजाका लागि दिएको रु. १५ मा प्रदेश र स्थानीय सरकारले पनि बजेट थप गरिदिएर सहयोग गर्नुपर्ने मन्त्री चौधरीको भनाइ छ ।

सरकार मातहत रहेका बालसुधारगृहको कार्यक्षेत्र गृह मन्त्रालय अन्तर्गत पर्ने भए पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई भन्ने गरिएको उल्लेख गर्दै उनले यस सम्बन्धमा प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समिति र महिला तथा सामाजिक मामिला समितिले अध्ययन गरेको बताइन् । दुवै समितिले प्रकाशन गरेको प्रतिवेदनसमेत मन्त्रालयमा आएको उनले जानकारी दिइन् ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अमरबहादुर थापाले बालबालिका स्वस्थ भए देश स्वस्थ हुने उल्लेख गर्दै पोषणका लागि जनचेतना अभिवृद्धि गरिनुपर्नेमा जोड दिए । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले कुपोषणले शारीरिक मानसिक विकासलाई रोक्ने बताउँदै खाना र पोषण आधारभूत मानव अधिकार भएकाले त्यसै अनुरुप व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

संसदीय समिति अनुगमनका क्रममा विद्यालयमा जाँदा दिवा खाजाको बजेट दुरुपयोग भएको तथ्य फेला परेको उल्लेख गर्दै यसले बालबालिकाको पोषणमा प्रभाव परेको बताए । कतिपय विद्यालयले गुणस्तरहीन दिवा खाजा प्लाष्टिकमा दिँदा पनि बालबालिकाको स्वास्थ्यमा गम्भीर असर गर्ने गरेको सभापति साहले बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रा. डा. शिवराज अधिकारीले सरकारको नीति तथा कार्यक्रम, बजेट र योजनामा पनि कुपोषण घटाउने कार्यक्रम समावेश भएपनि कार्यान्वयनमा चुनौती रहेको स्वीकार गरे । कार्यक्रम कार्यान्वयनका लागि सरोकार भएका सबै निकायले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा उनको जोड थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी खरेलले गरिबीबाट मुक्ति र पौष्टिक आहार पाउनु बालबालिकाको अधिकार भएको बताए । जुम्लाका एक

(बाँकी अन्तिम पृष्ठमा)

## मोदीलाई...

औषधि पसले अमरीश मित्तलले भने - शहरका सडकहरू सफा भएका छन् र शहरलाई घण्टौँसम्म अँध्यारोमा राख्ने लामो अवधिका लोडसेडिङ अब इतिहास भइसकेका छन् ।

**राजनीतिक महत्वको गरिब राज्य**

भारतीय राजनीतिमा ठूलो महत्वको भए पनि उत्तर प्रदेश भारतको सबैभन्दा गरिब राज्यहरूमध्येमा पर्छ । यद्यपि यो राज्यमा पछिल्ला वर्षहरूमा केही सकारात्मक परिवर्तन भएको बताइन्छ । सरकारी तथ्याङ्कअनुसार अहिले दशौँ लाख थप मानिसहरूमा बिजुलीको पहुँच पुगेको छ, उनीहरूले शौचालय प्रयोग गर्न पाएका छन् र उनीहरूले पाँच वर्षअघि प्रयोग गर्नेभन्दा सफा इन्धन प्रयोग गर्ने सुविधा पाएका छन् ।

तर उत्तर प्रदेश अझै पनि विश्वमै सबैभन्दा धेरै गरिबहरू रहेको राज्यमा पर्छ । अझै यो राज्यको कूल जनसङ्ख्याको २३ प्रतिशत मानिसहरू बहुआयमिक गरिबीमा रहेको बताइन्छ ।

यो राज्यमा हरेक वर्ष महिला हिंसाका हजारौँ घटनाहरू हुने गर्छन् । राजनीतिक रूपमा प्रभावशाली पुरुषहरूमाथि आरोप लागेका समाचार पनि आएका छन् । यस्ता विषयहरू निर्वाचनमा प्रतिपक्षी दलका मुद्दा बनेका छन् । उनीहरूले यो राज्यमा पछिल्लो सात वर्षयता र देशमा एक दशकदेखि सत्तामा रहेको भाजपामाथि प्रश्न गरेका छन् ।

आफ्नो चुनावी सभामा उपस्थित भएका मानिसहरू देखाउँदै प्रतिपक्षी दलहरूले मतदाताहरू भाजपाबाट अलग हुँदै गएको दाबी गर्ने गरेका छन् । आजभन्दा केही साताअघिसम्म पनि यो राज्यको चुनाव हाम्रा लागि प्रतिकूल देखिन्थ्यो,- समाजवादी पार्टीको युवा सङ्गठनका नेता तथा चर्चित चुनावी प्रचारक अभिषेक यादव भन्छन् । बेरोजगारी र मूल्यवृद्धि चुनावको प्रमुख मुद्दा भएपछि प्रतिपक्षको चुनावी प्रचारले गति लिएको उनी ठान्छन् ।

**भाजपाको फरक दाबी**

भाजपाले यो राज्यमा निकै ठूलो लगानी आएको र यहाँ औद्योगिक पुनरुत्थान भएको दाबी गर्दै आएको छ । तर कांग्रेसका गौरव कपुर सरकारले राज्यमा नयाँ उद्योग गर्न नसकेका कारण र रोजगारी सिर्जना गर्न नसक्दा धेरै मतदाताहरू दुःखी भएको दाबी गर्छन् ।

मोदीको लागि नयाँ उद्योग भनेकै मन्दिरहरू हुन् । कोभिड महामारीपछि यो राज्यमा भएको प्रगति भनेको होटेल र रेस्टुराँ क्षेत्रमा मात्रै हो । अर्को चाहिँ धार्मिक पर्यटन बढेको छ । तर युवाहरूलाई रोजगारी चाहिएको छ,- उनले भने । भारतीय जनता पार्टीकी अश्विनी शाही भने राज्यमा भएका खराब पाटोमा प्रतिपक्षी दलहरू जिम्मेवार रहेको बताउँछिन् ।

सन् २०१७ मा भाजपाले उत्तर प्रदेशमा चुनाव जित्दा यो राज्य गरिबी, निरक्षरता र बेरोजगारीले भरिएको थियो । हामीले त्यसमा परिवर्तनको काम सुरु गर्‍यौं । तर मानिसहरूलाई गरिबीबाट माथि उठाउन समय लाग्छ । मेरो विचारमा सन् २०२९ सम्म हामी ९० प्रतिशत मानिसहरूलाई गरिबीबाट माथि उठाउन सफल हुनेछौँ ।

शाही सत्ताप्रति असन्तुष्टि केही हदसम्म भएको स्वीकार गर्छिन् । तर मोदीका कारण उत्तर प्रदेशसहित भारतभरि नै भाजपाले चुनाव जित्ने उनको विश्वास छ ।

## विष्टको...

लुकाएका थिए । सामान लुकाएको वर्षाले पनि देखेकी थिइन् । जेठ १६ गते गंगाप्रसादले उनका साथी ज्याक भन्ने भगीरथ माझीको सहयोगमा अर्जुनधारा-६ मा रहेको हनुमान सुनचाँदी पसलका सञ्चालक धनबहादुर कामीलाई २० हजार रुपैयाँमा बेचेको अनुसन्धानका क्रममा खुलेको थियो ।

**यसरी गरे हत्या ...**

प्रहरीका अनुसार गंगाप्रसाद उनका साथी महेश राजवंशीका साथमा बैशाख २५ गते राति चारी गर्ने योजनाका साथ ९ बजे घरबाट निस्किएका थिए । सिटी सफारीको टायर खोल्न प्रयोग हुने फलामको औजार र ३ वटा रेन्ज लिएर उनीहरु चोरी गर्न निस्किएका थिए । शुरुमा उनीहरु स्थानीय सुमन राजवंशीको घरमा चोर्न पसेका थिए ।

तर, त्यहाँ सफल नभएपछि स्थान परिवर्तन गर्दै विष्टको घरमा गएका थिए । महेशले विष्टको घर कम्पाउन्डबाहिरै बसेर रेखदेख गरेको र गंगाप्रसाद विष्टको घर कम्पाउन्डभित्र पसेका थिए । यो बेला रातको ११ बजिसकेको थियो । गंगाप्रसादले पश्चिमपट्टिको झ्याल खोल्न खोज्दा विष्टले चोर आए जस्तो छ भनेको सुनेपछि उनी वालबाट हामफालेर भागेका थिए ।

त्यसै बेला ११:३० बजे विष्टले काठमाडौंमा रहेका कान्छा छोरा प्रकाशलाई फोन गरेर 'घरको आसपास चोरहरु पो हिँडडुल गर्दैछन् कि, झ्याल ड्याङ-ड्याङ पारिरहेको छन् भनी सुनाएकी थिइन् । आमाको फोनपछि प्रकाशले छिमेकी श्रीप्रसाद सिटौलालाई फोन गरेर घर गइदिन आग्रह गरेका थिए ।

त्यसपछि सिटौला र अन्य छिमेकीहरु विष्टको घरमा गएर केहीबेर आँगनमा बसेका थिए । बिष्ट पनि त्यसपछि १२ बज्न लाग्दा सुत्न गएकी थिइन् ।

सोही समयमा उनीहरुले नजिकै रहेको डम्बरकुमारी प्रसाईंको घरको झ्यालबाट हात छिराएर कालो रङको झोला चोरेका थिए । झोलामा रहेको ७०० रुपैयाँ लिएर अन्य सामान फ्याँकेर आफूसँग भएको मार्तोल र रेन्ज झोलामा राखेर उनीहरु मकैबारीमा लुकेका थिए । ११:४५ बजेतिर छिमेकीहरु आ-आफ्नो घर गएपछि गंगाप्रसाद र महेश पुनः विष्टको घरतर्फ लागेका थिए ।

गंगाप्रसाद कम्पाउन्ड नाघेर विष्टको घरभित्र पसे भने महेश बाहिरै बसेर रेखदेख गर्न थाले । त्यसपछि घरको पूर्वतर्फ रहेको शौचालयको पछाडि झोला राखेर उनी बसेका थिए । बैशाख २६ गते बिहान १२ः १० बजेतिर बिष्टले घरको बाहिरको बत्ती बालेर ढोका खोलेर शौचालय जाँदा शौचालयको पछाडि लुकेर बसेका गंगाप्रसाद ढोकामा रहेको रड लिएर भित्र छिरेका थिए ।

एक घण्टासम्म कोठाभित्रै खाटमुनि लुकेर बसेका गंगाप्रसाद बिष्ट सुत्ने बेला बाहिर निस्कँदै गर्दा विष्टले देखेकी थिइन् । बिष्टले चोर आयो भनी गुहार माग्दा गंगाप्रसादले आफूसँग भएको रडले विष्टको टाउकोमा तीनपटक प्रहार गरेका थिए ।

त्यसपछि विष्टलाई भुइँमा लडाएर विष्टले लगाएको सुनका गहना निकालेका थिए । सोही रडले कोठाभित्र रहेको दराज फोडेर उनले सुनका गहना र मोबाइल आफूसँग भएको कालो झोलामा हालेका थिए । गंगाप्रसाद बिहान २ः४५ विष्टको हत्या गर्दै चोरी गरेर आफ्नो घरमा गएर पुगेर मोबाइल अफ गरेर सुतेको अनुसन्धानमा खुलेको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी दिएको छ ।

## करेन्ट....

आफन्तसमेत बसेर भएको छलफलमा तीनबुँदे सहमति भएको छ ।

नगरपालिकाले किरिया खर्चवापत ५० हजार दिने , बिद्युत कार्यालयले तत्काल ३० हजार दिने र उपल्लो बिद्युत कार्यालयसंग धेरैभन्दा धेरै क्षतिपूर्ति उपलब्ध गराउनको लागि स्थानीय निकाय, बिद्युत प्राधिकरणले संयुक्त रुपमा माग गर्ने सहमति भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

## बालबालिकालाई....

बालकको भोकमरीबाट मृत्यु भएको उजुरी आयोगमा परेको सुनाउँदै उनले आयोगले यससम्बन्धी अनुसन्धान गरी सरकारलाई आवश्यक कारबाहीका लागि सिफारिस गरेको जानकारी दिए । आयोगले केही समयअघि बाल मन्दिर नक्सालको अनुगमन गर्दा खानाको गुणस्तरलगायत वातावरण राम्रो नपाउँदा पनि सरकारलाई सिफारिस गरेको सचिव खरेलले बताए ।

गैर सरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले युनिसेफको प्रतिवेदनमा कुपोषित बालबालिका विश्वविद्यालय पुग्न सक्दैनन् उनीहरुसँग सिक्न सक्ने क्षमता हुँदैन भन्ने उल्लेख गरिएको जानकारी गराए । बालबालिकालाई पत्रु खानाबाट बचाई अग्यानिक खाना खुवाउन सके कुपोषणमुक्त बनाउन सकिने उनको भनाइ थियो ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक रोजलिन एच. ग्याब्रिएलले विश्वव्यापी र क्षेत्रीय रुपमा पनि यो अभियान शुरु गरिएको उल्लेख गर्दै हरेक बालबालिकालाई खाना र पोषण पुगोस् भनेर अकोरावसँगको सहकार्यमा इनफ नामक अभियान शुरु गरिएको बताए । बालबालिकालाई स्तनपान गराउने क्रम घट्दै गएकाले पनि पोषणमा गम्भीर प्रभाव परेको उनको भनाइ थियो ।

वर्ल्ड भिजनका वरिष्ठ निर्देशक दीपेश पउल ठाकुरले नेपालका बालबालिकाले भोकमरीबाट दुःख नपाऊन् भनी यो अभियान शुरु गरिएको जानकारी दिए । वर्ल्ड भिजन नेपालका निर्देशक उमा मगरले नेपाललाई शून्य भोकमरीमा स्थापित गराउन तीनै वटै तहका सरकारले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिँदै समुदायका विपन्न वर्गमा यो कार्यक्रम पुग्ने विश्वास व्यक्त गरिन् ।

अकोरावका अध्यक्ष अर्जुन गिरीले नेपाललाई भोकमरीमुक्त बनाउने अभियानमा सामुदायिक रेडियोहरुले पनि सहकार्य गरिरहेको जानकारी दिए ।

## एक....

उपस्थिति थियो ।

स्वतन्त्रता दिवसका उपलक्ष्यमा आठ महिनाअघि अतिवादी समूह हमासले गरेको आक्रमणबाट इजरायलमा भएको क्षतिका तस्बिर प्रदर्शन गरिएका थिए । जिभ कोरेनले खिचेका ती तस्बिर सो समूहका अमानवीय गतिविधिका प्रमाण हुन् । गत असोज २० गते हमासको आक्रमणमा १० जना नेपाली विद्यार्थी सहित एक हजार एक सय ३९ जना मारिएका थिए ।

आक्रमणका क्रममा सो समूहले इजरायली तथा विदेशी गरी दुई सय ५२ जनालाई बन्दी बनाएको थियो । अस्थायी युद्धविरामका क्रममा हमासले २२ जना विदेशीसहित एक सय पाँच जनालाई रिहा गरेको थियो ।

## लागूऔषध...

जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा इच्छाकामना गाउँपालिका-६ पाँचकिलो बस्ने ४४ वर्षीया डल्ली गुरुङ र ५० वर्षीया रूककुमारी क्षेत्री रहेका छन् । इलाका प्रहरी कार्यालय मुग्लिङबाट खटिएको प्रहरीले उनीहरूको घर तलासी गर्ने क्रममा डल्लीलाई २ किलो ७ सय ग्राम र रूकलाई २ सय २६ ग्राम गाँजासहित पक्राउ गरेको हो ।

## पूर्वपश्चिम...

फाउन्डेसन निर्माण भइरहेको छ । बर्खापछि राजमार्गमा आवागमन अवरोध नहुने गरी दुई किनाराबाट सवारी ओहोरदोहोरको व्यवस्था मिलाएर कालोपत्र गरिने उनले जानकारी दिए ।

हाल राजमार्ग रहेको बीचको भाग भत्काएर नयाँ बनाइने छ ।

यसरी स्तरोन्नतिको काम गर्दा यातायात अवरुद्ध कम हुन्छ । स्तरोन्नति थाल्नुअघि सडक क्षेत्रका रुख काटिएका थिए ।

## कर्मचारी आवश्यकता

यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको प्रधान कार्यालय बिर्तामोड -०५, झापाका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** : बजार सहायक अधिकृत ---------- १ जना (महिला/पुरुष)
**योग्यता** : स्नातक तह उत्तीर्ण वा अध्ययनरत, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्ष
**तलब** : १६५००+ अन्य सुबिधा
**आवेदन शुल्क** : ३००।- (तीन सय मात्र)
**पद** : बजार प्रतिनिधि------- -------- १ जना महिला/पुरुष (बिर्तामोड)
**योग्यता** : एसईई वा सो सरह, मोटरसाइकल चलाउन सक्ने
**तलब** : १३५००+अन्य सुविधा
**आवेदन शुल्क** : २००।- (दुई सय मात्र)
**आवेदन भर्ने अन्तिम मिति** : २०८१-०२-२९ सम्म

**अन्य जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला।**
**सम्पर्क** : ०२३-५३३७२०, ९८०२३१३३३७ ,
**इमेल** : apsavingco@gmail.com
**फेसबुक पेज** : Annapurna saving & credit co-operative ltd, Birtamode-5, jhapa

नोटः फारम पाउने स्थानः संस्थाको कार्यालय, बिर्तामोड-५, झापा/शाखाःअर्जुनधारा-०३, खुदुनाबारी

## वडा सचिव माथि भएको भौतिक आक्रमणका विरुद्धमा झापा जिल्ला वडा सचिव हकहित मञ्चको तर्फबाट जारी गरिएको विज्ञप्ति

मिति २०८१।०२।१६ गते दिउँसो २:०० वजे झापा जिल्ला वडा सचिव हकहित मञ्चका सदस्य तथा शिवसताक्षी नगरपालिका वडा न -१ का वडा सचिव (सहायक पाँचौ) श्री नन्दिकेशर भट्टराई वडा कार्यालयको आफ्नै कार्यकक्षमा कामकाज गरिरहेको अवस्थामा शिवसताक्षी नगरपालिका वडा न -१ बस्ने सोमनाथ बजगाँई र निजको दाजु घनश्याम बजगाँई जन्म दर्ता सच्याउनु पर्नेछ सच्याई दिनु भन्दै कार्यकक्षमा प्रवेश गरेका र कागजात अध्ययन गर्दा स्थलगत सर्जमिन बुझ्नु पर्ने देखिँदा मिति २०८१।०२।१७ गते सर्जमिन बुझी प्रकृया अगाडि बढाई दिन्छु भन्दा-भन्दै अहिले गरिदे, तुरुन्तै गरिदे भन्दै गाली-गलौज गरेको र केही समय पछि कार्यकक्ष बाहिर निस्किएका र निजको कामका लागि मिति २०८१।०२।१७ मा स्थलगत सर्जमिन बुझ्न जाने कागजात तयार गरी चिया खान कार्यालयको परिसरमा रहेको क्यान्टिनमा पुग्दा निजहरु सोही स्थानमा बसिरहेको र वडा सचिव श्री नन्दिकेशर भट्टराईलाई देख्ने वित्तिकै गालीगलौज सहित भौतिक आक्रमण गर्न थालेको सोही बखत नजिकै रहनु भएको वडा नं -१ का वडाध्यक्ष श्री लक्ष्मी प्रसाद चेम्जोङ समेतले छुट्याउन खोज्दा लगातार आक्रमण गरी वडा सचिवको पोशाक(सेतो सर्ट) च्यातिएको, घाँटी न्याकेको, शरीरमा मुड्कीले हानी कुटपिट समेत गरेको, यस प्रकारको नियोजित घटनाप्रति झापा जिल्ला वडा सचिव हकहित मञ्च पदाधिकारी लगायत सम्पूर्ण वडा सचिवहरु उक्त नियोजित यो घटनाको घोर भत्सर्ना गर्दछौं । हामी वडामा कार्यरत् वडा सचिवहरु सदैव सेवाग्राही र कार्यालय प्रति जवाफदेही हुँदै प्रचलित कानूनको परिधीभित्र रही सेवा प्रवाह गरिरहेको ब्यहोरा सवैमा विद्धितै छ । हामी वडा सचिवहरुले प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नु पर्ने हुन्छ यदि कानूनको उल्लंघन गरे कानूनले नै सजायको समेत ब्यवस्था गरेको सर्वविदितै छ ।

जनताको सवैभन्दा नजिकको कार्यालयमा रही सरकारको प्रतिनिधि भई अहोरात्र काम गर्ने राष्ट्रसेवक वडा सचिव कर्मचारी माथि भएको यस प्रकारको नियोजित तथा कानूनलाई हातमा लिई कानूनलाई नै चुनौति दिंदै कार्यालय परिसरमै भौतिक आक्रमण गर्ने कार्य सम्पूर्ण कर्मचारी माथि नै आक्रमण भएकाले दोषी उपर कडा भन्दा कडा कारवाहीको माग गर्दछौं । यदि दोषीउपर कारवाही नभए हामी झापा जिल्लामा कार्यरत वडा सचिवहरुले बिरोधका सशक्त कार्यक्रम सञ्चालन गर्न बाध्य हुनेछौं । साथै कार्य स्थलमा काम गर्ने वातावरण सहज गरिदिनहुन शिवसताक्षी नगरपालिका, झापा जिल्लाका सम्पूर्ण स्थानीय तहहरु, जिल्ला समन्वय समितिको कार्यालय जिल्ला प्रशासन कार्यालय साथै सम्पूर्ण कर्मचारी संघ संगठनहरुमा जोडदार माग गर्दछौं । अन्त्यमा हाम्रा सहकर्मी मित्र नन्दिकेशर भट्टराईको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**खगेन्द्र बहादुर लिङ्देन**
सचिव

**भोष कुमार थुलुङ**
अध्यक्ष

**झापा जिल्ला वडा सचिव हकहित मञ्च बिर्तामोड झापा**

मिति : १८ जेठ २०८१




असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१८

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

यस संस्थाको बचत तथा ऋण ब्यवसायको तपशिल बमोजिमको सेवा केन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | जमुना दाहाल | अर्जुनधारा-४ | डम्बर बहादुर दाहाल | बम बहादुर दाहाल | गणेश बहादुर थापा | जमुना दाहाल | शनिश्चरे |
| २ | सन्ध्या बस्नेत | अर्जुनधारा-५ | दिलिप बस्नेत | लक्ष्मण बस्नेत | धिरज खड्का | शान्तादेवी खड्का | शनिश्चरे |
| ३ | सुनिता चौधरी | अर्जुनधारा-४ | खुशिलाल चौधरी | लरवरी चौधरी | गणेशकुमार सिंह दनुवार | सुनिता चौधरी | शनिश्चरे |
| ४ | केवल पोर्तेल | अर्जुनधारा-८ | रतन विश्वकर्मा | सन्तविर विश्वकर्मा | इन्दिरा थापा | गिता विश्वकर्मा | शनिश्चरे |
| ५ | सुनिता गोस्वामी | अर्जुनधारा-८ | शिव शंखर गोस्वामी | जया हरी गोस्वामी | प्रेम बुढाथोकी | सुनिता गोस्वामी | शनिश्चरे |
| ६ | उमेश शाह | अर्जुनधारा-५ | रघुनाथ शाह | झमेला शाह | प्रिति शाह | उमेश शाह | शनिश्चरे |
| ७ | सम्झना राई | अर्जुनधारा-१ | वीर बहादुर राई | जहान सिंह राई | चन्द्र बहादुर तामाङ | सम्झना राई | शनिश्चरे |
| ८ | पुजा लिम्बु | अर्जुनधारा-१ | मन बहादुर लिम्बु | मेहेर मान लिम्बु | कविराज लावती | पुजा लिम्बु | शनिश्चरे |
| ९ | पुर्ण बहादुर कर्णाल | अर्जुनधारा-८ | दान बहादुर कर्णाल | जुद्धवीर कर्णाल | सुस्मिता कर्णाल | पुर्ण बहादुर कर्णाल | शनिश्चरे |
| १० | उत्तम राज मल्ल | अर्जुनधारा-७ | दिप बहादुर मल्ल | अमृत बहादुर मल्ल | अमृता मल्ल | उत्तम राज मल्ल | शनिश्चरे |
| ११ | विष्णु माया खत्री | बिर्तामोड -५ | प्रेम बहादुर खत्री | | भक्त बहादुर गोदार | विष्णु माया खत्री | महानन्दचोक |
| १२ | सुनिता थारु | अर्जुनधारा- ५ | गंगाराम सरदार थारु | | राजु थारु | सुनिता थारु | महानन्दचोक |
| १३ | निरकला श्रेष्ठ | अर्जुनधारा- ६ | गुरुदत्त दाहाल | | सम्मान श्रेष्ठ | निरकला श्रेष्ठ | महानन्दचोक |
| १४ | गोपाल कुमार सुनुवार | विर्तामोड -५ | राई बहादुर सुनुवार | विष्णुलाल सुनुवार | बबिता राई | गोपालकुमार सुनुवार | विर्तामोड |
| १५ | बविता राई | विर्तामोड-५ | धन वहादुर राई | सनमान राई | गोपाल कुमार सुनुवार | बविता राई | विर्तामोड |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.,** बिर्ता-अर्जुन क्षेत्रीय उपसमिति

## ॐ नमः शिवाय वचत तथा ऋण सहकारी संस्था लि.को सूचना

*प्रकाशित मिति : २०८१।०२।१८*

यस ॐ नमः शिवाय वचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड, झापाको सेवाकेन्द्र स्वीकृत मिति २०७९/०८/०७ गतेबाट सञ्चालनमा आएको ढडुवा सेवाकेन्द्रका सम्पूर्ण शेयर सदस्य संख्याको माग बमोजिम सदस्यहरुलाई पायक स्थान भद्रपुर नगरपालिका वडा नं. -५, गिरीचौकमा ढडुवा सेवाकेन्द्र स्थानान्तरण गर्ने भनी ११ औं वार्षिक साधारणसभाको निर्णय तथा सञ्चालक समिति बैठकको निर्णय भए बमोजिम सम्पूर्ण कागजात तयार पारी प्रदेश सरकार, उद्योग कृषि तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश इनरुवा सुनसरीमा प्रकृया अघि बढाउनको लागि पेश गरिएको निवेदन अनुसार मिति २०८१/०२/१६ गते च.न. ८५३/ २०८०/०८१ को पत्रानुसार पूर्व स्वीकृति प्राप्त भएकाले आजका मिति २०८१/०२/१८ गतेदेखि २०८१/०२/२४ गतेसम्ममा कसैको गुनासो भए सम्बन्धित कार्यालयमा गुनासो टिपाउनका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**भरतलाल गिरी -अध्यक्ष**

**ॐ नमः शिवाय वचत तथा ऋण सहकारी संस्था लि.**

**बिर्तामोड न. पा. -५, झापा (०२३-५९०२०७)**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

# वैदेशिक रोजगार र पीडा

**प्रत्येक दिन एक्काइस सयभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारीका लागि विदेश जाँदैछन् । उनीहरु मध्ये अधिकांश युवाको गन्तव्य खाडी राष्ट्र र मलेसिया हुने गरेको छ । रोजगारी खोज्दै विदेश जानेमध्ये प्रत्येक दिन पाँच जना काठको बाकसमा नेपाल फर्किने गरेको वैदेशिक रोजगार बोर्डको तथ्यांकले देखाएको छ । बोर्डको पछिल्लो तथ्यांक अनुसार आर्थिक वर्ष २०७७-२०७८ देखि २०७९-२०८० सम्म वैदेशिक रोजगारीमा गएकामध्ये चार हजार ३५ जना नेपाली श्रमिकको मृत्यु भएको छ । यही अवधिमा आठ सय ७० जनाको दुर्घटनामा परी अङ्गभङ्ग र बिरामी भएको बोर्डको तथ्यांक छ । वैदेशिक रोजगारको सन्दर्भमा गरिएको एक अध्ययनले पछिल्ला वर्षहरुको अङ्गभङ्ग तथा मृत्यु हुने दर बढेको देखाएको छ ।**

**रोजगारका लागि विदेश जाने युवाहरु नै हुन्छन् । १८ देखि ४४ वर्ष उमेर समूहका युवा ऊर्जाशील, उत्पादनशील र स्वस्थ नै हुन्छन् । अनि पनि रोजगारीमा जानुअघि उनीहरुको स्वास्थ्य परीक्षण गराइन्छ भने कतिपय रोजगारदाता संस्थाले आफैं स्वास्थ्य परीक्षण गराउँछन । त्यसरी गएका उत्पादनशील उमेरका युवाहरु दुर्घटनामा परी अङ्गभङ्ग हुनु, मृत्यु हुनु परिवारका लागि मात्रै होइन राष्ट्रकै लागि ठूलो क्षति हो । यद्यपि मरण अकाट्य सत्य हो, तर सबै स्वभाविक हुँदैनन् । त्यस्तोमा प्राकृतिक मृत्युवरण गरेका हुन् वा सवारी अथवा काम कै सिलसिलामा, आत्महत्या गरेका सबैको कारणको पहिचान गरिन्छ । परीक्षणमा आत्महत्या, हृदयघात, प्राकृतिक वा दुर्घटना जस्ता कारण देखाइन्छ, जो सबैका हकमा लागू नहुन सक्छ ।**

**वयस्क र ऊर्जावान उमेरका युवा बाकसमा फर्किनु अस्वभाविक र चिन्ताको विषय भएको राष्ट्रिय योजना आयोगका पूर्व सदस्य गणेश गुरुङले बताएका छन् । गन्तव्यमा पुगेपछि रोजगारदाताले मेडिकल जाँच पास गरेका युवाको मृत्यु स्वभाविक हुन सक्दैन । त्यसकारण युवाको यस्तो पलायन रोक्न, व्यवस्थित गर्न र स्वदेशमै रोजगारको अवसर सृजना गर्न सरकारको ध्यान जानु पर्दछ । व्यक्तिगत रुपमै जान सकिने एक सय पचासभन्दा बढी देश छन् । त्यहाँ गएकामध्ये प्रत्येक वर्ष बढ्दै गएको मृत्युको तथ्यांकले मृत्युको कारणलाई स्पष्ट नपारिएको जानकारहरुको तर्क छ । रोजगारका लागि जाने भारत, बंगलादेशका नागरिकको मृत्यु त्यहाँको सरकार र राजनीतिमा चर्चाको विषय बन्छ । तर, हामी कहाँ चासो पनि देखाइँदैन । सरकारले समस्या र अवस्थाको अध्ययन गर्न समिति बनाउँछ । तर, त्यसको प्रतिवेदन सार्वजनिक नै गरिँदैन ।**

**युवाहरुको बढ्दो पलायनले निम्त्याएको मृत्युको भयावह चित्र देशका लागि दुर्भाग्यपूर्ण छ । यसले नेपालको सुदूरपूर्वको जीवनमा नकारात्मक प्रभाव पार्ने निश्चित छ । त्यसैले यसका कारण हुने मृत्यु वा दुर्घटना अथवा आत्महत्या जस्ता अनपेक्षित घटनालाई रोक्नेतर्फ सरकारको ध्यान जानु पर्दछ । त्यसका लागि स्वदेशमै रोजगारीको अवसर सृजना गर्ने, युवालाई सिप, क्षमता र कुशलताका आधारमा काम गर्ने वातावरण निर्माण गर्नुपर्छ, होइन भने यसले दिने पीडाबाट मुक्ति पाइने छैन ।**

# श्रमसँग जोडिने शिक्षा



**प्रा.डा. एकारत्न आचार्य**

विगत केही वर्षदेखि युवा विद्यार्थी पढ्ने, कमाउने र विभिन्न पेसा तथा रोजगारका लागि विदेशिने क्रम बढ्दो छ। त्यसो त धेरै पहिलेदेखि नै नेपाली कामको खोजीमा भारतलगायत केही अन्य देशमा जाने परम्परा थियो। सो क्रम झिनो वा सानो थियो भने अहिले बढ्दो क्रममा छ। लाहुरे हुने रहर र घरायसी बाध्यताले पनि कामको खोजीमा मुग्लान पस्ने गरेको पाइन्थ्यो। पछाडिका वर्षमा भारतबाहेक मलेसिया, खाडी मुलुक, साउदी अरब, कतार, दुबई, अरब इमिरेट्स, पाकिस्तान, माल्दिभ्स, बङ्गलादेश आदि र केही विकसित मुलुक अमेरिका, बेलायत, सिङ्गापुर, हङकङ, जर्मनी, इटाली, जापान र विभिन्न युरोपियन मुलुकमा जाने क्रम बढेको छ।

छिमेकीका छोराछोरी निजी तथा बोर्डिङमा पढेको देखेर, ऋण काढेर र सहर पसेर पनि छोराछोरी बोर्डिङ स्कूलमा पढाउने थालनी विगत दुई दशकदेखि क्रमशः बढेको देखिन्छ। एसइई वा स्कूल शिक्षापछि उच्च शिक्षाका नाममा सहर बजार पढ्न जाने, पठाउने क्रम बढ्दो छ। अहिले प्लसटुका लागि वा सो भन्दा उच्च शिक्षाका लागि भनेर सहर बजार पढ्न जाने, पठाउने क्रम बढ्दो छ।

सरकारले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरिसकेको छ। शिक्षा र युवा तथा खेलकुदका क्षेत्रमा विजियोजित बजेटबाटै युवालाई स्वदेशमै राख्ने कार्यक्रम बनाई देश विकास गर्न युवा उत्थान कार्यक्रम घोषणा गर्नुपर्छ। खास गरी शिक्षासँग विमुख गरिएका कार्यक्रमका खर्चमा समस्या आउने र कार्यक्रम फलदायी नहुने भएकाले श्रममुखी शिक्षासँग आबद्ध गर्न शिक्षालयलाई अनिवार्य रूपमा जोड्नु राम्रो हुन्छ। सो आधारमा केही पहिचान गर्न लायक केही अवधारणागत क्षेत्र यहाँ उल्लेख गरिएको छ।

कृषक उत्थान कार्यक्रम : कृषि शिक्षामा आबद्ध विद्यार्थी।

स्थानीय विद्यालयमा शिक्षण प्रवोधिकरण कार्यक्रम : शिक्षामा आबद्ध र पठनपाठनमा रुची राख्ने विद्यार्थी।

स्थानीय विकास, शान्तिसुरक्षा, राजनीतिक चेतना अभिवृद्धि, सुशासन तथा जनाधिकार प्रशिक्षण कार्यक्रम : व्यवस्थापन, तथा वाणिज्य, कानून, मानविकी तथा सामाजिक क्षेत्रमा आबद्ध विद्यार्थी।

जनस्वास्थ्य तथा सडक सुरक्षा तथा स्वास्थ्य कार्यक्रम : चिकित्साशास्त्र/स्वास्थ्य शिक्षा र जनस्वास्थ्यमा आबद्ध विद्यार्थी।

निर्माण तथा स्तरोन्नति, सञ्चार प्रविधि तथा पर्यटन कार्यक्रम : इञ्जिनियरिङ तथा सञ्चार र सूचना शिक्षामा आबद्ध विद्यार्थी।


प्राकृतिक सम्पदा प्रवर्द्धन कार्यक्रम : विज्ञान तथा प्रविधि र वन विज्ञानमा आबद्ध विद्यार्थी।

उपरोक्त वा आवश्यकता अनुसार चयन गरिएका क्षेत्रमा सहयोग र समन्वयका लागि सहयोगी निकायका रूपमा विश्वविद्यालय/प्रतिष्ठान, सम्बन्धित डिन कार्यालय, सम्बन्धित क्याम्पस, राज्य संयन्त्र (स्थानीय निकाय/प्रदेश), विश्वविद्यालय अनुदान आयोग तथा विभिन्न निजी क्षेत्रलाई समेट्न सकिन्छ।

राज्यको सहयोगमा कमाउँदै-पढ्दै कार्यक्रम देशका सातै प्रदेश र सो अन्तर्गतका स्थानीय निकायमा रहेका उच्च शिक्षालयले काममा आधारित शिक्षाका रूपमा स्नातक तथा स्नातकोत्तर अध्ययनरत विद्यार्थीलाई संलग्न गराइने गरी व्यवस्था गर्न सकिन्छ।

कमाउँदै-पढ्दै कार्यक्रमबाट विद्यार्थीलाई आत्मसम्मान हुनुका साथै आर्थिक राहत एवम् काममा खट्ने बानीको विकास हुनेछ। अभिभावकलाई पनि छोराछोरीले केही गरिखाने सिपमूलक शिक्षा सिक्दै छ वा सिक्छ भन्ने विश्वास लाग्ने छ। अभिभावक र विद्यार्थीलाई कमाउन विदेशै जानुपर्छ भन्ने भ्रम हट्नुका साथै स्वदेशमै गरिखाने काममा जोडिने प्रवृत्तिको विकास हुन्छ। कमाउँदै-पढ्दै कार्यक्रमले भविष्यका लागि युवाको शैक्षिक र आर्थिक उन्नतिलाई गति दिन्छ। वयस्कलाई आफ्नो घरको अर्थ व्यवस्थाको व्यवस्थापन गर्न पनि यस प्रकारका कार्यक्रमबाट राहत पुग्नेछ।

भविष्यका कर्णधार विद्यार्थीलाई श्रमयुक्त शिक्षामा जोड्न कमाउँदै-पढ्दै कार्यक्रम मार्फत नेतृत्वदायी भूमिकामा ल्याउन सकिन्छ। भोलिका कर्णधारलाई पनि देशमै केही गर्न सकिने रहेछ भन्ने आभास दिलाउन सकिने छ।



हामी नेपाललाई कृषिप्रधान देश भन्ने गर्छौं। पेसामा प्रायः हामीले कृषि लेख्छौं पनि तर तदनुकूलको काम हुन सकेको छैन। मुलुकभर अधिकांश खेतीयोग्य जमिन बाँझै छन्। यसको उपयोग गर्न राज्यले विशेष कार्यक्रम ल्याउन सक्छ। यहाँ विद्यार्थीलाई सिपमूलक शिक्षासँग जोड्ने कुरा भइरहेको छ। हाम्रा विद्यालय, विश्वविद्यालयसँग पनि प्रशस्त जमिन छ, उक्त जमिन भाडामा दिएर पनि त्यसको उपयोग गर्न सकिन्छ। कृषि तथा बागवानी, पुष्प खेती, पशुपालन, भेटेरिनरी, मौरीपालन, चराचुरुङ्गी (पन्छी) र हाम्रो स्नातक तथा स्नातकोत्तर पाठ्यक्रमले निर्दिष्ट गरेका विविध उत्पादनमुखी शिक्षा प्रदायक पठनपाठनको व्यवस्था छ। उक्त विषयवस्तुको पठनपाठन भइरहेका क्षेत्रमा रहेका विद्यालय, क्याम्पसहरूले आफ्नै जग्गा भाडामा दिएर हिउँदे, बर्खे तथा बेमौसमी तरकारी तथा फलफूल खेती गर्न सक्छन्।

भाडामा लिने कृषक र यसबारे जान्न चाहने अन्य कृषकलाई बीऊबिजन छनोट, सिँचाइ तथा कुलो, नहर, मलखादको मात्रा निर्धारण, कीटनाशक विषादिको प्रयोग र प्रभाव, नर्सरी निर्माण, गोठ, खोर आदि बनाउँदा आवश्यक पर्ने पर्यावरणबारे जानकारी गराउन सकिन्छ। घामपानीको उपलब्धता लगायत विभिन्न वैज्ञानिक सल्लाह, ज्ञान, सिप र प्रेरणा दिन सकिन्छ। सोबापत तत् क्षेत्रका कृषि उद्यमी, व्यवसायीलाई सहज रूपमा हाम्रा स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थी भाइबहिनी तथा छोराछोरीलाई सिप र ज्ञानका लागि प्रत्यक्ष रूपमा फिल्डमै पठाउन सकिन्छ। त्यसबाट प्रयोगात्मक अभ्यास मात्रै नभई किसानलाई पनि सहयोग पुग्नेछ। यस्तो अभ्यासले पढाइलाई आयआर्जनसँग जोड्ने छ।

शिक्षण तथा शिक्षा अध्ययन गरिरहेका वा सो खेत्रमा रुची राख्ने स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पस र विद्यालयको आपसी समन्वयमा नयाँ शिक्षणतर्फ लाग्दै गरेका नयाँ शिक्षकलाई तालिम दिन, शिक्षण विधि र शिक्षण सामग्री निर्माण गर्ने सिपको ज्ञान दिन र शिक्षक अभाव भएका ठाउँमा गएर पढाउने काम गरी सहयोग गर्न सक्छन्। क्याम्पसले अभ्यास शिक्षणमा विद्यार्थीलाई विद्यालयमा पठनपाठन गर्न पठाइ शिक्षकको अभाव पूरा गर्न सक्छन्। यसरी सिकारुको रूपमा जाने शिक्षकले आफूले सिक्ने क्रममा सहुलियत दरमा पनि पठनपाठन गर्ने भएकाले यसबाट विद्यालय तथा सिकारु दुबैलाई फाइदा पुग्नेछ। यसबाट सो विद्यार्थीमा कामको लगाव बस्छ। यसरी विविध क्षेत्रका लागि कार्ययोजना बनाउँदै पालैपालो विद्यार्थीलाई कर्म क्षेत्रमा खटाई कामप्रति प्रेरणा जगाई विद्यार्थीले सिकेको ज्ञानसँग श्रमलाई जोड्न सकिन्छ।

व्यवस्थापन विषय अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पस/विद्यालय र जनशक्ति चाहिने निकायको आपसी समन्वयमा कार्यालय व्यवस्थापन, लेखा प्रणालीमा सहयोग गर्न नयाँ व्यवस्थापकलाई तालिम दिन, कार्यालय सञ्चालन विधि र कार्यालयमा जरुरी अन्तरिक नेटवर्किङ तथा सामग्री निर्माण गर्ने सिपको ज्ञान दिन र कार्यालयमा आवश्यक जनशक्तिको रूपमा रहेर सहयोग गर्न सक्छन्।

इञ्जिनियरिङ अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पसमा चाहिने विकास निर्माण तथा संरचना निर्माण गर्न र अन्य निकायमा क्याम्पसले समन्वय गरी आधारभूत सिपको ज्ञान दिन र विकास निर्माणमा सहयोग गर्न सक्छन्। जस्तै भवन निर्माणका लागि माटो परीक्षण, मापदण्ड निर्धारण, गुणस्तर निर्धारण, कारखानामा लेथ लगायतका मसिन सञ्चालन, औजार निर्माण, सामान्य बिजुली जडान, सर्किट निर्माण, सर्वे गर्न, कम्प्युटरको सामान्य ज्ञान तथा जानकारी दिन सक्छन्। एप तथा सफ्टवेयर निर्माण र स्कुल तहमा प्रशिक्षण दिने आदि काममा सहयोग गर्न सक्छन्।

मानविकी तथा समाज शास्त्र र कानुन विषय अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तर विद्यार्थीले क्याम्पसमा चाहिने कानूनी, प्रशासनिक तथा अनुशासन, सेवाग्राहीसँग गरिने सामाजिक व्यवहार, आपसी समन्वय र सद्भाव सम्बन्धमा सुसूचित गर्न र समाजमा मेलमिलाप गरी समाज सुधारका विषय ज्ञान दिन सक्छन्। विद्यालय तहमा सामाजिक तथा नैनिक विषय पठनपाठन गरी सहयोग गर्न सक्छन्।

स्वास्थ्य तथा शारीरिक र चिकित्साशास्त्र अध्ययन गरिरहेका स्नातक तथा स्नातकोत्तरका विद्यार्थीले क्याम्पसमा चाहिने प्राथमिक उपचार गर्न, स्वास्थ्य सम्बन्धी अनुशासनको ज्ञानमूलक जनचेतना कार्यक्रम सञ्चालन गर्न, घर तथा सहर बजार र स्कुल, कार्यालयमा हाम्रा दिदी-बहिनी, आमा, छोरी सबैलाई चाहिने आवश्यक घरयासी सानिटरी प्याड निर्माण गरी प्रयोग सम्बन्धी ज्ञान दिन सक्छन्।

चोटपटक लागेमा सामान्य उपचार गर्न र रक्ताश्राव रोक्न, चोटपटक तथा घाउमा मलमपट्टी गर्न र सोमा प्राथमिक उपचारको ज्ञान दिन, रोगब्याधीको प्रकोप, लक्षण पहिचान तथा रोग नियन्त्रणको ज्ञान दिन, स्वास्थ्य क्लिनिक सञ्चालन गरी उपचार गर्न, सेवाग्राहीसँग गरिने सामाजिक व्यवहार, आपसी समन्वय र सद्भावबारे सुसूचित गर्न मद्दत गर्छन्। विद्यालय तहमा स्वास्थ्य विषय पठनपाठन र शारीरिक तन्दुरुस्तीका लागि योग, व्यायाम, शारीरिक अभ्यास गराउन, फिजिओ थेरापी, बालबच्चा रेखदेख तथा अध्ययन गृह सञ्चालन आदि जस्ता ज्ञान सिप उपलब्ध गराई सहयोग गर्न सक्छन्।

साथै महामारीको समयमा सुरक्षित स्वास्थ्यको कार्यक्रम चलाउने जनशक्तिको रूपमा काम गर्न पनि उनीहरू सक्षम हुन्छन्। अहिलेको युग सम्पन्नता, स्वावलम्बी, अनुशासित, मर्यादित र स्वतन्त्रताको युग हो। त्यसैले सबै युवा जनशक्तिले आफूलाई अनुशासित, मर्यादित र दक्ष बनाउनु जरुरी छ। त्यसका लागि सरकार तथा राज्यमातहतका विभिन्न निकाय तथा विद्यालय, विश्वविद्यालय मार्फत गरिखाने खालको शिक्षाको व्यवस्था गरी सरकारको सहकार्यमा प्रयोगमा ल्याउनु पर्छ।

गरिखाने विषयमध्ये सवारीचालक शिक्षा स्नातक तहमा सो विषय राखी तत्कालका लागि हाम्रा विभिन्न निकाय तथा विद्यालय, विश्वविद्यालयमा कार्यरत चालकलाई नै उक्त विषयको प्रयोगात्मक कक्षाका लागि प्राविधिकको रूपमा प्रयोग गर्न सकिन्छ। पछि क्रमशः ती कार्यरत चालक तथा हाम्रा योग्यता प्राप्त क्षमतावान् जनशक्तिमार्फत सवारी चालक सम्बन्धी नीति नियम, सिद्धान्तको ज्ञान र सिप दिने गरी पठनपाठन चलाउन सकिन्छ। यो विषयको पाठ्यक्रम बढीमा एक वर्षको हुनु सान्दर्भिक हुन्छ। अहिले स्वतन्त्र रूपमा खुलेका सवारीचालक सिकाइ केन्द्रबाट सिकाउने काम भइरहेको छ। सवारीचालक शिक्षाबाट चालकको समस्यालाई व्यवस्थित गर्न पनि नियामक निकायलाई सहज हुने थियो। यसो गर्न सकेमात्रै श्रमसँग शिक्षाको साइनो जोडिनेछ। *गोप*

# सूर्तीजन्य पदार्थबाट आउने समस्या

विश्वभर मे ३१ का दिन विश्व सूर्तीजन्य पदार्थरहित दिवस मानाइँदै आएको छ। तर, वर्षमा एकदिन दिवस मनाएर साँच्चै सूर्तिजन्य पदार्थ सेवन गर्नेको संख्या कम हुन्छ त ? तथ्याङ्कले भने त्यो देखाउँदैन।

विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार सूर्तीजन्य पदार्थ सेवन गरेर वर्षेनि ज्यान गुमाउनेको संख्या करिब ८० लाख छन्। नेपालमै प्रति वर्ष २७ हजार एक सय ३७ व्यक्ति सूर्तीजन्य पदार्थको सेवनबाट ज्यान गुमाइरहेको पछिल्लो तथ्याङ्कले देखाउँछ। यो संख्या नेपालमा मृत्युको १५ प्रतिशत हो। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको तथ्याङ्कले नेपालमा सूर्तीजन्य पदार्थ सेवन गर्ने २८.९ प्रतिशत रहेको देखाएको छ। जसमध्ये ४८.३ प्रतिशत पुरुष र ११.६ प्रतिशत महिला छन्।

नेपालमा हरेक वर्ष सूतीजन्य पदार्थको प्रयोगले लाग्ने उपचार खर्च, अकाल मृत्यु, अशक्त र रोगीको उत्पादकत्वमा आएको ह्वासमा ४७ अर्ब बराबरको क्षति हुने गरेको केन्द्रका निर्देशक डा. राधिका थपलियाले जानकारी दिइन्। निकोटिन, टार, कार्बनमोनोअक्साइड, एमनिया, रेडनलगायत केमिकल पाइने सूर्तीजन्य पदार्थका सेवनले ज्यान गुमाउनेको संख्यामा धेरै कमि आउन सकेको छैन।

यसकारण वर्षमा एकदिन दिवस मनाएर मात्रै नभएर हरेक दिन सूतीजन्य पदार्थको प्रयोगले हुने जटिलताबारे जनचेतना फैलाउने पर्ने बताउँछन्, नेशनल कार्डियाक सेन्टर नेपालका वरिष्ठ कार्डियोलोजिष्ट डा.ओममुक्ति अनिल। 'हाल कोभिड-१९ (कोरोना भाइरस)का कारण सूर्तीजन्य पदार्थ प्रयोगकर्ता घटेका छन्। तर, यसलाई निरन्तरता दिन आम मानिसमा उत्प्रेरणा जगाउने किसिमका कार्यक्रम ल्याउन आवश्यक छ' - उनले भने।

दैनिक एक/दुईवटा चुरोटको सेवन गर्दा पनि फोक्सोमा क्यान्सर, हृदयघात लगायत जटिल समस्या आउने डा. ओममुक्ति अनिलले बताए। उनका अनुसार सूर्तीजन्य पदार्थको प्रयोगले मुखको क्यान्सर हुन्छ। ओठ, गिजा, जिब्रोमा घाउ भएर अल्सर हुन्छ र बिस्तारै क्यान्सर हुन्छ। तत्काल असर नदेखिए पनि यसले लामो समयपछि जटिल समस्या निम्ताउँछ।

सूर्तीजन्य पदार्थको सेवनबाट आउने समस्यालाई बुझेर मनदेखि नखाने दृढता राखेमा यो लत हटाउन सकिन्छ। यसका लागि हामी मानसिक रुपमै तयार रहनुपर्ने बताउँछन्, डा.ओममुक्ति अनिल। धेरै खाइरहने मानिसलाई एकैपटक यस्ता पदार्थ खान छोड्दा रिस उठ्ने, मानसिक तनाव हुने, तौल बढ्ने हुन सक्छ। यसकारण एकै पटक नभएर विस्तारै मात्रा घटाउँदै लगेर यो लत छुटाउनुपर्छ। सूर्तीजन्य पदार्थको सेवनबाट छुटकारा पाउन घर, अफिस वा तलतल लागेको जुनसुकै ठाउँमा/समयमा चक्लेट, ल्वाङ, मिठाइ वा फलफूल जस्ता खानेकुरा खाइहाल्नुपर्छ। यसले तलतल मेटाउन सघाउँछ। यस्तो बानी हटाउने एक महत्वपूर्ण उपाय दैनिक बिहान बेलुका गरिने कसरत पनि हो।

सूर्तीजन्य पदार्थको लत तथा प्रयोगलाई नियन्त्रणमा ल्याउन छोटो परामर्शले पनि महत्वपूर्ण भूमिका खेल्ने मनोचिकित्सकहरु बताउँछन्। यस्ता पदार्थको सेवनको लत हटाउने सबैभन्दा प्रभावकारी उपायमध्ये उचित परामर्श पनि एक रहेको मानिन्छ। यससँगै कुनै न कुनै काममा आफूलाई व्यस्त बनाइ रहनुपर्छ। जस्तैः पत्रपत्रिका वा किताव पढ्ने, गीत सुन्ने, सिनेमा हेर्ने, नाच्ने, गाउने आदी। त्यस्ता व्यक्तिले पानी धेरै पिउने बानी गर्नुपर्ने चिकित्सकहरु बताउँछन्।

यस्ता क्रियाकलाप प्रत्येक दिन गरेर स्वस्थ जीवनशैली अपनाउने संकल्प लिएमा सूर्तीजन्य पदार्थको प्रयोगबाट मुक्ति पाउन सकिन्छ। अध्ययन अनुसार हालसम्म सूर्तीजन्य पदार्थमा चार हजार बढी रसायनहरु पत्ता लागेका छन्। त्यसमध्ये दुई सय ५० शरीरका लागि एकदमै हानिकारक छन्। ५० बढी रसायनले क्यान्सर नै गराउने विभिन्न अनुसन्धानहरुले प्रमाणित गरिसकेका छन्।

सूर्तीजन्य वस्तुमा हुने तत्वले मुखका छालमा समस्या निम्ताउँदै लैजान्छ। यसकारण मुखको आकार सानो हुँदै जाने, खाना खानै नसक्ने, मुख खोल्न गाह्रो हुने तथा खाना चपाउन र निल्नै समस्या हुन्छ। मुख, दाँत तथा गिजाको समस्यासँगै पेट, आन्द्रा, फोक्सो र मुटुमा समेत घाउ भएर अल्सर र क्यान्सर भएर मानिसको ज्यान समेत जान सक्छ।

सूर्तीजन्य पदार्थको सेवनले श्वासप्रश्वासमा असर पर्ने भएकाले फोक्सोमा क्यान्सर हुने सम्भावना अत्याधिक रहने वीर अस्पतालका वरिष्ठ छाती रोग विशेषज्ञ डा अशेष ढुङ्गाना बताउँछन्। उनका अनुसार ९० प्रतिशत मानिसलाई फोक्सो क्यान्सर धूम्रपानका कारण हुने गर्छ। यति मात्रै नभएर उच्च रक्तचाप भएर मुटु सम्बन्धी दीर्घरोग समेत गराउँछ।

यसले दम हुने, स्वासनलीको क्यान्सर गराउने, रक्तनली बिगार्ने, पाठेघर तथा रगत क्यान्सर हुन सक्छ। यससँगै मष्तिस्कमा समेत गम्भीर असर पर्न सक्छ। गर्भवतीले प्रयोग गरेमा कम तौल भएका बच्चा जन्मिने, समय नपुग्दै बच्चाको जन्म हुने, बच्चाको मानसिक तथा शारीरिक विकासमा असर गर्ने तथा गर्भ खेर जाने लगायतका समस्या निम्तिन्छन्।

पराग, गुट्खा जस्ता सेवन गर्ने अधिकांशले मनलाग्दी थुक्ने गर्छन्। यस्ता सूर्तीजन्य वस्तु चपाएर आफ्नो घर, कार्यालय वा सार्वजनिक स्थानमा जथाभावी थुक्नाले वरपर बस्ने व्यक्तिमा समेत नराम्रो प्रभाव पार्ने डा.ओममुक्ति अनिलले जानकारी दिए। नखाने व्यक्तिको नजिक सेवन गर्दा आफूलाइ मात्रै




नभएर आफ्नो वरिपरि रहेका व्यक्तिलाई समेत प्रत्यक्ष रुपमा असर पुऱ्याउँछ।

तथ्याङ अनुसार १२ प्रतिशत मानिसको आफू नखाएर तर, अरु सेवनकर्ताका कारण मृत्यु हुने गर्छ। हाम्रो जीवनशैली र सूर्तीजन्य पदार्थको सेवनले पछिल्लो समय संसारभर नसर्ने रोग समेत बढ्दो क्रममा छ। यस्ता पदार्थको सेवनले एक होइन अनेक समस्या निम्ताउने हुँदा हामीले समस्या आउनै नदिने सोच्नु उत्तम हुन्छ। त्यसका लागि सुर्तीजन्य पदार्थको प्रयोगलाई त्याग्नैपर्ने डा.ओममुक्ति अनिल सुझाउँछन्। नेपाल सरकारले पनि यस्ता विषयमा ध्यानाकर्षण गरेर सूर्तीजन्य पदार्थ सेवनकर्ताको संख्या घटाउँदै लानुपर्छ। सरकारले सूर्तीजन्य पदार्थको नियन्त्रणका लागि 'सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन -२०६८, 'सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली -२०६८ र 'सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका -२०७१ गरी तीनवटा कानून ल्याएको छ।

नीति-नियम कडा देखिए पनि नेपालमा कार्यान्वयन भने फितलो भएको पाइन्छ। सरकारले सूर्तीजन्य पदार्थको निषेधित क्षेत्र घोषणा गरेको छ। साथै यस्ता पदार्थको प्रयोग परित्याग लगायतका कार्यक्रमहरु अघि सारेको छ। तर, पनि परीणाम राम्रो देखिएको छैन। यससँगै सूर्तीजन्य पदार्थको बट्टामा त्यसको प्रयोगले हुने खतराको संकेत राखिएको छ।

सार्वजनिक स्थानमा सूर्तीजन्य पदार्थको प्रयोगमा प्रतिबन्ध नै लगाइएको छ। नियमित अनुगमन र कारवाही हुन नसक्दा यसको पूर्ण पालना भएको पाइँदैन। विश्वमा प्रयोग हुने प्रत्येक १० वटा चुरोट मध्ये एउटा चुरोट गैरकानूनी रुपमा बिक्री-वितरण भइरहेको एक सर्वेक्षणले देखाएको छ। सरकारले सूर्तीजन्य पदार्थमा कर बढाउँदै आएको छ। यसको उद्देश्य नै यस्ता पदार्थको प्रयोगमा कमी लेराउनु हो। तर पनि त्यसम उल्लेखनीय सुधार आउन सकिरहेको छैन। यस्तो गैरकानूनी बिक्री-वितरणलाई रोक्न अनुगमन र कारवाहीको दायारा बढाउनुपर्ने देखिन्छ।

नेपालमा यस्ता नीति-नियम अक्षरमा मात्रै सिमित भएको पाइन्छ। तर, यसलाई आफूबाटै शुरु गरेर व्यवहारमा लागू गर्न सक्नुपर्छ। यस्ता सूर्तीजन्य पदार्थको सेवन किशोर, किशोरी, वृद्धवृद्धादेखि चिकित्सक र स्वास्थ्यकर्मी समेतले खाने गर्छन्। कतिपयले कसैको रहरमा भने कतिपयले तनाव घटाउँछ भन्ने गलत मानसिकताका कारण यस्ता पदार्थको सेवन गरिरहेका छन्। यस्ता पदार्थले तनाव घटाउँछ भन्ने सोच्नु भ्रम रहेको चिकित्सकहरु बताउँछन्। यसकारण त्यस्ता भ्रमलाई चिर्न आवश्यक छ। हामी स्वयम्, समाज र सम्बन्धित निकाय पनि यस्ता विषयमा सचेत रहन र सचेत बनाउनका लागि अग्रसर रहनुपर्छ। सूर्तीजन्य पदार्थको सेवनको लत हटाउनका लागि आवश्यक सुझाव खुलस्त भएर सम्बन्धित चिकित्सकसँग सल्लाहा समेत लिनुपर्छ।

# एमाले कनकाईमा ओझा

**सुरुङ्गा, जेठ १७।** नेकपा एमाले कनकाई नगर कमिटीको अध्यक्षमा गोकर्ण ओझा निर्वाचित भएका छन् ।

पञ्चायतकालदेखि नै वामपन्थी राजनीतिमा आबद्ध ओझा पूर्व जनप्रतिनिधि पनि हुन् । पुराना र नयाँ दुबै पुस्ताका कार्यकर्ता र समर्थक माझ उत्तिकै लोकप्रिय ओझा अझ मेहेनत, समर्पण भावका साथ पार्टीको प्रभाव विस्तार गर्ने बताउँछन् । आफ्नो विजयका लागि सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिँदै उनले यो विजयले आफूलाई थप उत्साहित बनाएको बताए । उनले पार्टीलाई एकताबद्ध बनाउँदै एमाले नेता तथा कार्यकर्तालाई जनमुखी हुन र जनपक्षीय काम गर्न आवश्यक कार्यक्रम ल्याउने बताए ।

निर्वाचनबाट ३०२ मत प्राप्त गर्दै ओझा अध्यक्षमा निर्वाचित भएका हुन् । स्थानीय स्तरमा विभिन्न संघ-संस्थाको नेतृत्व तहमा रहेर अभिभावकत्व निर्वाह गर्दै आएका यस क्षेत्रका पुराना वामपन्थी नेता मध्येका एक मानिने ओझा आयोजक समितिका संयोजक समेत हुन् । ओझाको नेतृत्वमा आएको एमाले कनकाई नगर कमिटीले पार्टी सुदृढीकरण साथै संगठन विस्तारमा थप भूमिका खेल्ने विश्वास गरिएको छ ।

ओझाको प्रतिस्पर्धीका रुपमा रहेका छबिलाल थपलियाले २०४ मत प्राप्त गरेका छन् भने अर्का प्रतिष्पर्धी तुलाराम बस्नेतले १४८ मत



गोकर्ण ओझा : अध्यक्ष

प्राप्त गर्न सफल भएको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै उपाध्यक्षमा घनश्याम पौडेलले १८१ मत प्राप्त गर्दै विजयी बनेका छन् । उपाध्यक्षका अन्य प्रत्यासीहरु क्रमशः इन्द्र पुलामी मगरले ८४ मत, ऋषिकेश खतिवडाले १२४ मत, देवीप्रसाद उप्रेतीले १४१ मत र प्रेमबहादुर कटुवालले १५० मत प्राप्त गर्न सफल भए ।

त्यस्तै सचिव पदका लागि एमालेका युवा नेताका रुपमा परिचित प्रकाश शिवाकोटीले २९५ मत प्राप्त गर्दै निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धीहरु क्रमशः विश्वविजय खरेलले १५९ मत, मिनाल तिम्सिनाले १०२ मत र खिनमाया आचार्य खतिवडाले ९७ मत प्राप्त गर्न सफल भएको जनाइएको छ ।

त्यस्तै उपसचिव (पुरुषतर्फ)मा ख्यामप्रसाद ओलीले ३९१ मत प्राप्त गर्दै विजयी बनेका छन् । कनकाई सामुदायिक वनको अध्यक्ष समेत रहेका ओली होटल व्यवसायी संघ झापाका उपाध्यक्ष पनि हुन् । उनका प्रतिष्पर्धी शुक्रराज भण्डारीले १८५ मत र नविनकुमार राईले ६६ मत प्राप्त गर्न सफल भएको बताइएको छ ।

महिला उपसचिवमा राधिका ओली कडरियाले सर्वाधिक मत ४७९ ल्याएर विजेता बनेकी छन् । उनका प्रतिस्पर्धीका रुपमा रहेकी विन्दा थापाले १६४ मत प्राप्त गर्न सफल भएको निर्वाचन समिति संयोजक तारादेवी बाराकोटीले जानकारी दिएकी छन् । निर्वाचनमा जम्मा ६८१ मत खसेको निर्वाचन समितिले जनाएको छ ।

बुधबार दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म भएको निर्वाचनमा प्रतिनिधिका रुपमा कुल ७९२ मतदाता रहेका थिए । निर्वाचनका लागि सहजीकरण गर्न अधिवक्ता तारादेवी बाराकोटी संयोजक, जिल्ला कमिटी सदस्यहरू रोशन सुवेदी र दीपक चापागाईं सदस्य रहेको तीन सदस्यीय निर्वाचन समितिले अन्य केही सहयोगी सदस्य साथमा लिएर मतगणना सहितको निर्वाचनको काम शान्तिपूर्ण रुपमा सम्पन्न गरेको जनाइएको छ ।

# बिर्तामोडमा लघुउद्यम विकास कार्यक्रम

**बिर्तामोड, जेठ १७।** गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत झोला बनाउने तालिम बिर्तामोडमा सम्पन्न भएको छ ।

बिर्तामोड नगरपालिकाको आयोजनामा गत चैत्र १३ गतेदेखि शुरु भएको तालिम सम्पन्न भएको हो । तालिममा बिर्तामोडका वडा नम्बर १, ३, ४ र ७ बाट १५ जना महिलाहरुले सहभागिता जनाएका थिए । नगरपालिकाले तालिममा सहभागीहरुलाई झोला सिलाउने मेसीन समेत प्रदान गरेको छ । सहभागीहरुको ३५ प्रतिशत लागत साझेदारीमा १५ वटा मेसीन प्रदान गरिएको लघुउद्यम विकास कार्यक्रम संयोजक चनिमाया तामाङले जानकारी दिए ।

तालिममा सहभागीहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रमाण पत्र वितरण गरेकी थिइन् । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले तालिममा सिकेको सिपलाई सही सदुपयोग गरेर उद्यमी बन्न सहभागीहरुलाई आग्रह गरिन् । सिप भए वेरोजगार बस्नु नपर्ने भन्दै उनले नगरपालिकाको तर्फबाट यस वर्षपनि अचार बनाउने, गुडिया बनाउने, ढाका बुन्ने, फोटो फ्रेम बनाउने, पोते उन्ने लगायत विभिन्न प्रकारका तालिम प्रदान गरेको जानकारी दिए ।

कार्यक्रममा नगरका शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारी, वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकी, वडासदस्य लक्ष्मी रोक्का, व्यवसायी तथा समाजसेवी तोमप्रसाद ओली लगायतको उपस्थिति रहेको थियो । तालिममा पंकज भण्डारीले प्रशिक्षण दिएका थिए ।

# कार्यकर्तालाई गोलबद्ध हुन आग्रह

**बिर्तामोड, जेठ १७।** नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले विभिन्न पार्टीमा छरिएर रहेका राजनीतिक कार्यकर्तालाई लोकतन्त्रको शितल छहारीमा गोलबद्ध हुन आह्वान गरेका छन् ।



नेपाली कांग्रेस बिर्तामोड-५ नं. वडा समितिद्वारा आयोजित पार्टी प्रवेश कर्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता हुमागाँईले आजको विश्व राजनीतिमा लोकतन्त्रको विकल्प कुनै राजनीतिक प्रणाली नदेखिएको बताए ।

सो अवसरमा एमालेको भातृ संगठन युवा संघ बिर्तामोडका पूर्व अध्यक्ष डिल्लीराम सुब्बा, राष्ट्रिय प्रजातन्त्र पार्टी बिर्तामोड-५ का अध्यक्ष शेरबहादुर मादेन, राप्रपा कै योगराज गुरुङ र अनिल गुरुङलाई सचिव हुमागाँईले पार्टी सदस्यता प्रदान गरे ।

नेपाली कांग्रेस बिर्तामोड-५ का सभापति दिपक मेन्याङ्बोको सभापतित्वमा भएको कार्यक्रममा महासमिति सदस्य राधा सुब्बा, आदिवासी जनजाति संघका बिर्तामोड नगर अध्यक्ष आनन्द गुरुङ, नवप्रवेसीका तर्फबाट शेरबहादुर मादेन लगयतले देशको उन्नती-प्रगतिका लागि नेपाली कांग्रेसको लोकतान्त्रिक नीति र कार्यक्रम नै अपरिहार्य भएको बताए । वडा उपसभापति खगेन्द्र प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन वडा सचिव राजेश नेपालले गरेका थिए ।

कार्यक्रममा बिर्तामोड नगर उपसभापति, सूर्य कन्दङ्वा, वडा नं. ५ का वडाध्यक्ष रोहित प्रसाईं, पार्टीका वडा नं. ६ का सभापति आशिष गिरी, आदिवासी जनजाति संघ २ नं. सभापति लव चौधरी लगयतले प्रवेसी कार्यकर्तालाई अबिर र खादाले स्वागत गरेका थिए ।

# रोकेर राखेको भ्यानमा आगलागी

**बिर्तामोड, जेठ १७।** झापाको बिर्तामोड-१ स्थित नमूना टोलमा पार्किङ गरेर राखेको म्याजिक भ्यानमा आगलागी भएको छ ।

मे १ ज २१६४ नम्बरको रोकेर राखेको म्याजिक भ्यानमा अचानक आगलागी भएको थियो । काँकरभिट्टा-बिर्तामोड सञ्चालन हुने म्याजिक भ्यानमा आगलागी भएको हो ।

आगलागीबाट उक्त सवारीमा भित्रिभाग जलेर पूर्णरुपमा नष्ट भएको प्रहरीले जनाएको छ । आगो स्थानीय र बिर्तामोड नगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको थियो । आगलागी बुधबार राति भएको थियो । घटनामा सम्बन्धमा प्रहरी अनुसन्धान शुरु गरेको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।



# दोस्रो चरणको टिपिडी तालिम



**अर्जुनधारा, जेठ १७।** शिक्षा युवा तथा खेलकुद शाखा अर्जुनधारा शाखाको आयोजनामा शिक्षक पेशागत विकास दोस्रो चरणको टिपिडि तालिम शुरु भएको छ ।

आधारभूत तह कक्षा १ र ५ का अध्यापनरत् २३ जना स्थायी शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रमा आधारित १० दिने प्रमाणीकरण तालिम सञ्चालन गरिएको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव तोयानाथ रेग्मीले बताए ।

शिक्षकहरुको वृत्ति विकाससँगै आधुनिक प्रविधिहरु नविनता ज्ञान सिपहरु प्रयोगले कक्षा शिक्षण सिकाइमा दक्षता बढाउने गुणस्तरीय शिक्षा प्रदान गरी असल नागरिक उत्पादन गर्न सक्षम बनाउने भन्दै प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख राजकुमार विश्वकर्माले सहभागी सम्पूर्ण शिक्षकहरुलाई शुभकामना एवम् आयोजक शिक्षा शाखालाई धन्यवाद व्यक्त गरेका थिए ।

पछिल्लो समय सामुदायिक विद्यालयहरुमा अध्ययन गर्न आउने विद्यार्थीहरुको चाप बढ्दै गएको र सरकारले शिक्षक पेसागत विकास तालिम तथा अन्य भौतिक एवम् शिक्षकहरुका लागि अन्य तालिम प्रदान गर्दै आएकोमा नगरभित्रै नमूना विद्यालयको रूपमा देखापर्न थालेकोमा खुशी व्यक्त गर्दै अतिथिहरु नेपाल शिक्षक महासंघ अर्जुनधारा नगर अध्यक्ष चन्द्र खत्री सचिव टंक न्यौपाने, नेपाल राष्ट्रिय शिक्षक संगठन नगर अध्यक्ष केदार पोखेल, नेपाल शिक्षक संघ नगर अध्यक्ष सुजाता शिवाकोटी, एन्टोका रुद्र खतिवडा, नगर कर्मचारी परिषद अध्यक्ष रुद्र पौडेलले शुभकामना व्यक्त गरेका थिए ।

त्यसैगरी १० दिनसम्म शिताके सुनसरीका सहजकर्ता सुपेनचन्द्रसिंह राजवंशी, रेवन्तबहादुर बस्नेत, मानबहादुर देवकोटा, सोममणि कोइराला लगायत रहने बताइएको छ । नगरको आ.व. २०८०/०८१ बजेट अनुसार नगरको आर्थिक व्यवस्थापन र शिक्षा तालिम केन्द्र सुनसरीको प्रशिक्षण सहजीकरण रहेको शिक्षा अधिकृत सुनिता भट्टराईले बताइन् । कार्यक्रमको सहजीकरण प्राविधिक सहायक समिरा दाहालले गरेकी थिइन् ।

## काठ लिलाम सम्बन्धी १५ दिने सूचना

*पुनः दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/१८*

श्रीरामजानकी सामुदायिक वन उपभोक्ता समूह, रोङ-१ इलामको २०८०/०८१ को स्वीकार्य बार्षिक कार्यक्रम अनुसार डिभिजनल वन- कार्यालय इलामको च.नं. ६८५१ मिति २०८०/१०/२२ गतेको संकलन सहमति अनुसार संकलन गरिएका साल जातका ढलापडा रुखहरुवाट उत्पादन भएका गोलिया काठहरु त्यस कार्यालयका च.नं. ७५४४ मिति २०८०/११/१३ गतेको पत्रको चिरान आदेश अनुसार संकलित चिरान काठ घाटगद्दीमा ल्याई राखी वन डिभिजन कार्यालयको सम्पूर्ण प्रकृया पुऱ्याई त्यस कार्यालयको च.नं. ९६०२ को पत्र अनुसार लगत प्रमाणित भइसकेकोले उक्त काठ दर्तावाल फर्म व्यवसायीहरुले टेण्डर फारम किनी अक्सन हाल्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको कुरा जानकारी गराइन्छ ।

**काठको परिमाण २४७.३४**
**थान १६७**

**श्री रामजानकी सा.व.उ.स.**
**रोङ-१, इलाम**

## द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. दमक झापाको

## ऋण चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

*प्रकाशित मितिः- २०८१/०२/१८ शुक्रबार*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणि सदस्यहरुले व्यापारिक प्रयोजनको लागि ऋण लिँदाको बखतमा तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखि लेखाइ दिइएको ऋण सम्बन्धी शर्त बन्देज उल्लघंन गर्नुभएकोले संस्थाले पटक-पटक लिखित तथा मौखिक रुपमा तागेता गर्दा पनि आलटाल गरी सर्त बमोजिम संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज र हर्जना नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थाको कार्यालयमा आइ भाखा नाघेको ऋणको साँवा, ब्याज र हर्जना एकमुष्ट चुक्ता गर्न गराउनुहुन तपाई ऋणि सदस्यहरुमा यो सूचना जारी गरिन्छ । उल्लेखित मितिभित्र ऋणको सम्पूर्ण साँवा, ब्याज चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि २०७६ एवम् प्रचलित ऐन कानून बमोजिम ऋणि सदस्यहरुको धितोमा रहेको चल/अचल सम्पत्ति जहाँ जे अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिने रकम असुल गर्न प्रक्रिया अगाडि बढाइने छ । असुल उपर कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पूर्ण खर्च समेत ऋणि सदस्यबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ । यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणि सदस्यहरुको घर-घरनाको चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

### सुरुङ्गा सेवा केन्द्र

| ऋणिको नाम, थर र बतन | धितोको विवरण |
| --- | --- |
| नाम : मधुसुदन गौतम<br>बाबु : गोपिकृष्ण गौतम<br>बाजे : खडानन्द गौतम<br>बतन : डाँगीबारी-८<br>ना.प. नं. : ०३/५९९५ (झापा)<br>जारी मिति : २०६३/०८/१४ | डाँगीबारी-८, झापा<br>कि.नं. : १७७३<br>क्षेत्रफल : ५१६.३९ व.मि.<br>कि.नं. : १७७१<br>क्षेत्रफल : १६०.८३ व.मि.<br>र.नं. : ५६८४ ख |
| नाम : गोमा कुमारी गिरी<br>बाबु : राम वा. गिरी<br>बाजे : हस्त वा. गिरी<br>बतन : मेचीनगर<br>ना.प. नं. : ९१५२७ (झापा)<br>जारी मिति : २०५५/०४/१७ | सुरुङ्गा-३<br>कि.नं. : १४८६<br>क्षेत्रफल : २०३१.७८ व.मि.<br>र.नं. : ११२३० ग |
| नाम : गरुध्वज गौतम<br>बाबु : गोपिकृष्ण गौतम<br>बाजे : खडानन्द गौतम<br>बतन : कनकाई- १<br>ना.प. नं. : २३३७२६३ (झापा)<br>जारी मिति : २०४६/०२/१२ | डाँगीबारी-८<br>कि.नं. : ४५६९<br>क्षेत्रफल : ६७७.२६ व.मि.<br>र.नं. : ८३१९ ख |

### बिर्तामोड सेवा केन्द्र

| ऋणिको नाम, थर र बतन | धितोको विवरण |
| --- | --- |
| नाम : शान्ता लिम्बु<br>बाबु : तिल बहादुर लिम्बु<br>पति : कृष्ण बहादुर लिम्बु<br>बाजे : दिल बहादुर लिम्बु<br>बतन : बिर्तामोड-१, झापा<br>ना.प.नं.: ०४१०१२/२४५६ (झापा)<br>जारी मिति : २०६७/१०/२४ | गरामुनी-९<br>कि.नं. : ९८७<br>क्षेत्रफल : ३३८.६३ व.मि.<br>र.नं. : १०८१६ ख |

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
**दमक-५, झापा (फोन नं. : ०२३-५७५८५५)**

**ताजा र विश्वसनीय समाचारका लागि www.purwanchaldaily.com लगइन गरौं ।**

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**


बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*


सम्पर्क :
देवराज गिरी
९७०६९१९६४०६
९८४२०७०५८६
विशाल हरिजन
९८१४९१७७११
९८४२७३३६१२

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२**

**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
काम शुरूवात गर्नुअघि कुलदेवताको सम्झना गर्नुहोला, तपाईको आज नयाँ कामको खोजीमा समय बित्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सन्तानबाट राम्रो खबर सुन्न पाइने छ, लामो दुरीको यात्रा हुनेछ, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया प्रेमको डोरो कसिलो भएर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, पियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उत्तरार्द्ध पछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, धैर्य रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
कर्म क्षेत्र प्रगतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुनेछ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन् ।